नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र सं.:- २०७७/७८
चलानी नं.:- ३६४

मितिः- २०७७/११/११

श्री स्थानीय तह (सबै) ।

विषयः- मानव संशाधन विकास योजना सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३ मिति २०७७/११/०४ को पत्र र मानव संशाधन(जनशक्ति) विकास योजना सर्वेक्षण फाराम-२०७७ समेत पाना ९(नौ) संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार आवश्यक समन्वय र सहयोग हुन आदेशानुसार अनुरोध छ।

११।११

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार।

श्री सूचना तथा प्रविधि शाखाः- E-mail मार्फत जानकारी गरिदिनुहुन।

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:- 02

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति:२०७७/११/०४

श्री सबै स्थानीय तह
महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका ।

**विषय : मानव संशाधन विकास योजना सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको मन्त्रालयगत कार्यविभाजन नियमावली, २०७४ ले मुलुकलाई आवश्यक पर्ने हरेक किसिमका जनशक्तिको उत्पादन तथा प्रक्षेपणको समन्वयकारी भूमिका यस मन्त्रालयलाई दिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नयाँ संगठन २०७४ को कार्यक्षेत्रमा उल्लेखित तपसिलका कार्य सम्पादन गर्नु मन्त्रालयको कर्तव्य हुन्छ । विद्यमान अवस्थामा मुलुकमा जनशक्ति विकास नीति, योजनासमेत नबनेको सन्दर्भमा देशलाई आवश्यक पर्ने (सार्वजनिक तथा निजी क्षेत्रसमेतका लागि) सबै किसिमका विषयगत, प्राविधिक मानव संशाधन विकासका योजना तथा जनशक्तिको प्रयोगको यथार्थ विवरण राज्यलाई चाहिने हुन्छ ।

**मन्त्रालयका कार्यक्षेत्रहरु**

- शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
- मानव संशाधन, आवश्यकता प्रक्षेपण, राष्टिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना ।
- शिक्षा, विज्ञान तथा प्रविधि र योजनाहरुको अध्ययन तथा अनुसन्धान गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने, उत्पादन गर्ने र योजना र कार्यक्रम विकास गर्नेसंग सम्बन्धित कार्यहरु ।
- देशको लागि आवश्यक पर्ने विभिन्न प्रकारका जनशक्तिको प्रक्षेपण गर्ने जनशक्ति विकासका लागि योजना बनाउने र जनशक्ति विकाससंग सम्बन्धित नीति, तर्जुमा गर्ने ।
- प्रदेश तथा स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति विकासका लागि समन्वयको कार्य गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति विकास योजनासंग सम्बन्धित रहेर समन्वय गर्ने कार्यहरु ।
- कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी नीति तथा योजना तर्जुमा सम्बन्धित कार्यहरु ।

उल्लेखित कानुनी आधारमा यस मन्त्रालयले मुलुकलाई व्यवस्थापकीय प्रशासनिक तथा प्राविधिक रुपमा आवश्यक पर्ने जनशक्तिको पहिचान गर्ने प्रारम्भिक कार्यको थालनी गरेको छ । सात सय त्रिपन्न वटै स्थानीय तहका सरकारहरुले आ-आफ्नो स्थानीय तहको भौगौलिक, वातावरणीय पक्षको अध्ययन गरी सम्भावित विकासका विशेषता, आवश्यकता र जनताको जीवनस्तर सुधार एवम् क्षमता अभिवृद्धिका लागि सम्भावित रोजगारका क्षेत्रहरु विगत ३ वर्षका कार्य अनुभवलाई विश्लेषण गरी स्थानीय तहका सरकारका संवैधानिक अधिकारका मुख्य उद्देश्य बमोजिमको लक्ष्यमा केन्द्रित भएर त्यस स्थानीय तहका लागि आवश्यक पर्ने जनशक्ति विकास योजना सम्बन्धी अवधारणा संलग्न फारम भरी मिति २०७७ चैत्र ७ गतेभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउनु हुन मिति २०७७/११/०४ को (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

पुनश्चः यस सम्बन्धी तथ्याङ्क संकलन सूचना फाराम यस मन्त्रालयको वेभसाइट www. moest gov.np/ moe. gov. np मा उपलब्ध छ ।

(ईश्वरीप्रसाद पोखरेल)
उपसचिव

**बोधार्थ तथा कार्यार्थ:**

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय । (सात वटै प्रदेश सरकार) ।
मातहतका सबै स्थानीय तहसंग समन्वय गरी त्यस स्थानीय तहका लागि आवश्यक हुने जनशक्ति विवरण तयार पार्न सहयोग गरिदिनु हुन ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिँहदरवार । ( सात सय त्रिपन्न वटै स्थानीय तहसंग समन्वय गरी माग गरिएको विवरण उपलब्ध गराउने व्यवस्था सहयोग गरिदिनु हुन ) ।
श्री राष्टिय योजना आयोग, सिँहदरवार । (स्थानीय तहका लागि आवश्यकता हुने जनशक्ति विकासका आधार तथा प्रक्षेपण सिद्धान्त अनुसारका वैज्ञानिक मार्ग दर्शन उपलब्ध गराएर कार्य अगाडि बढाउन सहयोग गरिदिनु हुन) ।
श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखा : यस बमोजिमको पत्र र “ तथ्याङ्क संकलन सूचना फाराम” website मा upload गरी दिनहुन ।

**संस्थागत सम्पर्क व्यक्ति**

ईश्वरीप्रसाद पोखरेल, उपसचिव,
इमेल, pokhrelishwori123@gmail.com, mobile no. 9841821313